जिल्ला प्रशासन कार्यालय, काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**<u>फैसला</u>**

सम्बत् २०७२/०७३ सालको स.वा.फौ.मि.नं.४३/७१ (हातहतियार)

<u>दर्ता मिति</u> :– २०७१/०१/१५

**मुद्दा :– <u>हातहतियार खरखजाना</u> ।**

<u>निर्णय नं.३१४२</u>, <u>मिति :– २०७२/०१/२७</u>

**<u>वादी</u>**

प्रहरी प्रतिवेदनले

**नेपाल सरकार**.........................१

<u>निजको प्रमाण</u>........................

साक्षी :

कागज...×...

**<u>प्रतिवादी</u>**

नरबहादुर तामाङ्गको छोरा जिल्ला काभ्रेपलान्चोक, मंगलटार गा.वि.स.वडा नं.९ घर भई हाल का.जि.,बौद्ध जोरपाटी बस्ने वर्ष ३१ को अनुप तामाङ्ग ( लामा )............................................... १

पृतम तामाङ्गको छोरा जिल्ला दोलखा, मिर्गे गा.वि.स.वडा नं.६ भ्याउरे घर भई हाल का.जि.,गोकर्ण अत्तरखेल बस्ने वर्ष २५ को सुभाष तामाङ्ग ( लामा )............................................... १

सानुमान लामाको छोरा जिल्ला काभ्रेपलान्चोक, मंगलटार गा.वि.स.वडा नं.७ घर भई हाल का.जि.,जोरपाटी बस्ने वर्ष २२ को सुनिल लामा.................................................................१

<u>निजको प्रमाण</u>

साक्षी :

कागज ...×....

**<u>यस कार्यालयबाट बुझेको</u>**

प्रमाण............................................

साक्षीः-

कागजः

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. भू.पु.मन्त्रि बुद्धीमान तामाङ्गको व्यक्तिगत सुरक्षाको लागि खटिएका प्र.स.नि.दिपकराज कुँवर मिति २०७०।१२।७ गते चावहिलबाट माइक्रोबसमा बसुन्धरा तर्फ आउदा ३ जना पुरुष व्यक्ति बीचमा झरेका र सुरक्षाको लागि मैले बुझेको २२०२८४६ नं.७७ चाइनिज पेस्तोल र ऐ.को गोली राउण्ड १२ सोही समयमा हराएको हुदा खो.त.गरी पाउ भन्ने निवेदन ।

२. का.जि.जोरपाटी गा.वि.स.वडा नं.७ मेडिकल चोक स्थित सार्वजनिक सडकमा पछि नाम थर खुल्न आएका माइकल भन्ने सुभाष लामाको व २१ प ८४०६ नं को मो.सा.चेकजाँच गर्दा निजको साथबाट लागु औषध वरामद भई साथै रहेका अनुप लामाले भाडामा लिई बस्दै आएको पश्चिम तर्फको कोठामा तलासी लिदा टाइप ७७ नं.२२०२८४६ नं. को चाइनिज पेस्तोल थान १, ऐ को गोली राउण्ड ६ र नगद रु १४०००।- समेत फेला परेको र मो.सा.को कागजात देखाउन नसकेको हुदा सुभाष लामाको साथबाट लागु औषध समेत वरामद भएको र अनुप तामाङ्ग लामाको कोठाबाट उक्त हतियार समेत वरामद भएकोले उल्लेखित दुई जना र सगैं रहेका सुनिल लामा समेत संकास्पद अवस्थामा सगै बसी रहेको अवस्थामा फेला परेकाले पक्राउ गरी पेश गरेको भन्ने समेत व्यहोराको खानतलासी एवं बरामदी मुचुल्का सहितको प्रहरी प्रतिवेदन ।

३. म माइक्रो बसमा आउदा हराएको पेस्तोल तथा गोली र आफु भन्दा पछिको सिटमा बसी आएका मानिसहरु समेत यीनै हुन भनि सनाखत गरी चोरी हुनुमा यीनै मानिसको संलग्नता रहेको हुदा कारवाही गरी पाउ भन्ने व्यहोराको प्र.स.नि.दिपकराज कुवँरले सनाखत गरी सुभाष लामा,अनुप तामाङ्ग लामा र सुनिल लामालाई कारवाही गरी पाउ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

४. मिति २०७०।१२।७ गते म सुनिल लामा र माइकल भन्ने सुभाष लामा सोही माइक्रोबसमा आइ रहेको अवस्थामा निज पदमराज कुवँर समेत सिभिल ड्रेसमा सोही बसमा भई हामीसँग भएको व्लेडले पकेट मार्ने उद्धेश्यले निजले बोकेको पेस्तोलको डोरी काटी पेस्तोल तथा गोली राउण्ड ६ सहित का.जि.शंखपार्क नजिक माइक्रोपार्क हामी तीनै जना उत्रिइ ट्याक्सीमा चढी जोरपाटी पुगी तीनै जनाले मेरै कोठमा उक्त हातियार र गोली राखेकोमा मिति २०७०।१२।७ गते हामी तीनै जनालाई पक्राउ गरी मेरो कोठाबाट सो हतियार र गोली वरामद गरेका हुन भन्ने समेत व्यहोराको प्रतिवादी अनुप तामाङ्ग लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

५. म,सुनिल लामा र अनुप तामाङ्ग लामा समेतको योजना अनुसार मिति २०७०।१२।७ गते जाहेरवालाको साथमा रहेको पेस्तोल तथा गोली राउण्ड ६ चोरी गरेका हौ ।म लागु औषध सेवन गर्ने भएकोले रु ५००।- मा खरिद गरी बोकेको अवस्थामा म समेत तीनै जना

पक्राउ परेको हो भन्ने समेत व्यहोराको प्रतिवादी माइकल भन्ने सुभाष लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

६. म समेतको योजना अनुसार मिति २०७०।१२।७ गते जाहेरवालाको साथमा रहेको पेस्तोल तथा गोली राउण्ड ६ चोरी गरेका हौ भन्ने समेत व्यहोराको प्रतिवादी सुनिल लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

७. मिति २०७०।१२।७ गते जाहेरवालाको साथबाट हराएको पेस्तोल र गोलीहरु अनुप लामा, सुनिल लामा र माइकल भन्ने सुभाष लामा समेत भएर चोरी गरेका र अनुप लामाको कोठाबाट उक्त हतियार र गोलीहरु वरामद भएको कुरा समेत थाहा पाएको हुँ भन्ने समेत व्यहोराको बुझिएका मानिस भिमबहादुर बुढाथोकी र विरेन्द्र कार्की समेतले गरिदिएको घटना विवरण कागज ।

८. संकलित कागज प्रमाणहरुबाट प्रतिवादीहरु सुनिल लामा, अनुप लामा र माइकल भन्ने सुभाष लामाले प्र.स.नि. दिपकराज कुँवरको जिम्मामा रहेको पेस्तोल र गोली राउण्ड ६ चोरी गरी लगेको भन्ने समेत व्यहोराको बुझिएका मानिस भिमबहादुर बुढाथोकी र विरेन्द्र कार्की समेतले गरी दिएको कागज समेतका मिसिल संलग्न कागजात प्रमाणहरुबाट प्रतिवादी अनुप लामा, सुनिल लामा र माइकल भन्ने सुभाष लामा भई जाहेरवालाले आफ्नो साथमा बोकेको पेस्तोल र गोली चोरी गरी अवैध हातहतियार खरखजाना साथमा राखी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) वमोजिमको कसुर गरेको हुँदा निजहरुलाई सोहि ऐनको दफा २०(२) र दफा २०(३) बमोजिम सजाय गरी पाउ भन्ने समेत व्यहोराको मागदावी सहित मिति २०७१।१।१४ मा यस कार्यालयमा पेश भएको अभियोग-पत्र ।

९. वरामदी मुचुल्कामा प्रहरीले कुटपिट गरी सहिछाप गराएको हो, मेरो कोठाबाट दुई थान खुकुरीसम्म वरामद भएको हो पेस्तोल र गोली वरामद भएको होइन भन्ने समेत व्यहोराको प्रतिवादी अनुप तामाङ्ग लामाले यस कार्यालयमा गरेको बयान ।

१०. म ट्याक्सी चालक भएकोले माइक्रोवसमा चढी चोरी गर्नु पर्ने कारण छैन, वरामदी मुचुल्का अनुसार अनुप तामाङ्ग लामाको कोठाबाट पेस्तोल र गोली वरामद भएको होइन, २ थान खुकुरीमात्र वरामद भएको हो, प्रहरीले जर्वजस्ती सही गराएको हो भन्ने समेत व्यहोराको प्रतिवादी बिश्व बस्नेतले यस कार्यालयमा गरेको बयान ।

९. यी प्रतिवादीहरु सुनिल लामा र अनुप तामाङ्ग लामाले अभियोग इन्कार गरी बयान गरेको भएता पनि मौकामा भएका बरामदी मुचुल्का सहितको हातहतियार खरखजाना, बुझीएका मानिसहरुले लेखाई दिएको कागज समेतलाई तत्कालै अन्यथा भन्न सकिएन तसर्थ पछि ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादीहरु अनुप तामाङ्ग र सुनिल लामालाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४क बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू तथा अर्का प्रतिवादी माइकल भन्ने सुभाष लामा लागु औषध र चोरी मुद्दामा सम्मानित काठमाण्डौ जिल्ला अदालतको आदेशले थुनामा रहेको हुदा निजलाई झिकाई वयानको लागि पेश गर्नु भन्ने समेत यस

कार्यालयबाट मिति २०७१/१/१७ मा भएको आदेश बमोजिम कारागार कार्यालय डिल्लीबजारमा थुनामा रहेका ।

१०.वरामदी मुचुल्कामा भएको दस्तखत मेरै हो । अनुप तामाङ्ग समेतलाई प्रहरीले निजको डेरा कोठामा साथमा लगी खानतलासी गर्दा निजको कोठाबाट चाइनिज पेस्तोल थान १ र सो को गोली राउण्ड ६ वरामद भएको भन्ने सुनेको हुँ । निजको घर कोठा खानतलासी गर्दा मलाई निजको डेरा कोठामा लगिएको थिएन । मुचुल्कामा प्रहरीले जवरजस्ती सहीछाप गराएको हो । दिपकराज कुँवरलाई म चिन्दिन । अनुपको कोठाबाट हतियार म समेतले चोरी गरेको भन्ने झुट्ठा हो । अनुपलाई पक्राउ गर्दा म पनि निजको साथै रहेकाले मलाई पनि प्रहरीले पक्राउ गरेको हो । अनुसन्धानको क्रममा भएको वयान मैले भने बमोजिम लेखिएको होइन । प्रहरीले आफुखुसी वयान लेखी सहीछाप गराएको हो भन्ने समेत व्यहोराको प्रतिवादी माइकल भन्ने सुभाष लामाले यस कार्यालय समक्ष गरेको वयान ।

११. यी प्रतिवादी माइकल भन्ने सुभाष लामाले अभियोग इन्कार गरी बयान गरेको भएता पनि मौकामा भएका बरामदी मुचुल्का सहितको हातहतियार खरखजाना, दिपकराज कुँवरको हुलिया दरखास्त,प्रतिवादीहरुलाई चिनी गरी दिएको सनाखत कागज, बुझीएका मानिसहरुले लेखाई दिएको कागज, निजले मौकामा गरेको वयान समेतका आधारमा यी प्रतिवादी समेतको आपसी सल्लाह र संलग्नतामा वरामदी मुचुल्का अनुसारको पेस्तोल थान १ र गोली राउण्ड ६ जाहेरवाला दिपकराज कुँवरबाट चोरी विना इजाजत बोकी लिई हिड्ने गरेका होइनन् भन्न सक्ने अवस्था अहिले नै नदेखिएकाले पछि ठहरे बमोजिम हुने गरी हाललाई यी प्रतिवादी माइकल भन्ने सुभाष लामालाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४ क बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नू भन्ने समेत यस कार्यालयबाट मिति २०७१/१/२५ मा भएको आदेश बमोजिम कारागार कार्यालय जगन्नाथदेवलमा थुनामा रहेका ।

१२. मिति २०७१।१२।१७ गतेको वरामदी मुचुल्का अनुसारको हातहतियार खरखजाना सहित प्रतिवादीहरु तीने जनालाई कारवाहीको लागि म समेतले मुचुल्का तयार गरी महानगरीय प्रहरी परिसर, काठमाण्डौंमा पेश गरेको हो । प्रस्तुत मुद्दामा निज प्रतिवादीहरु खोज तलासको क्रममा एकै ठाउमा रहेका र उक्त वारदातको दशीको सामान निजहरुको सल्लाह बमोजिम लुकाई छिपाई राखेको हुदा निज सुनिल लामालाई पनि प्रतिवादी कायम गरिएको हो भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदक प्र.ना.नि. केदार तिमिल्सिनाले यस कार्यालय समक्ष गरेको वकपत्र ।

१३. प्रतिवादी दिपकराज कुँवरको जाहेरीका क्रममा मिति २०७०।१२।१७ गते जोरपाटी गा.वि.स.,वडा नं.७ स्थित मेडिकल चोकमा सुभाष लामाले चलाएको वा २१ प ८४०६ नं.को मोटरसाइकल रोकी बसेको र सोही स्थानमा अनुप लामा र सुनिल लामा समेत एक आपसमा कुरा गरी बसेको अवस्थामा सुभाष लामाबाट लागू औषधि फेला परी म सहितको टोलिले निजहरुलाई सोधपुछ गर्दा अनुप लामाले मेरो कोठमा पेस्तोल रहेको वताए पछि निजको कोठा खानतलासी लिदा चाइनिज पेस्तोल थान १ र ऐ.को गोली राउण्ड छ र एउटा फलामको

खुकुरी समते फेला परी कारवाहीको लागि वरामदी मुचुल्का सहित तिनै जनालाई महानगरीय प्रहरी परिसर, काठमाण्डौंमा पेश गरिएको हो । साथै प्रतिवादी सुनिल लामाको तर्फबाट उपस्थित अधिवक्ता नन्दप्रसाद अधिकारीको जीरहमा जवाफ दिदै यी प्रतिवादी तीनै जना साथी हुन । सो मुचुल्का बमोजिम फेला परेको पेस्तोल यी तीने जनाको सल्लाहमा अनुप तामाङ ( लामा ) को डेरामा राखेको अवस्थामा तीनै जनालाई प्रस्तुत मुद्दाको कसूरमा हतियार सहित पक्राउ गरिएको हो, तत्कालको अवस्थामा सुनिल लामासँग मोवाइलमात्र वरामद भएको हो भन्ने व्यहोरा समेत प्रहरी प्रतिवेदक प्र.नि.भरत थापाले यस कार्यालय समक्ष गरेको वकपत्र ।

## ठहर

१३. नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा नारायणबहादुर थापाको घरमा डेरा गरी बस्ने अनुप लामा ( तामाङ ) ले भाडामा लिई बस्दै आएको कोठामा तलासी लिदा टाइप ७७ नं.२२०२८४६ नं. को चाइनिज पेस्तोल थान १, ऐ को गोली राउण्ड ६, खुकुरी थान १ समेत फेला परी वरामदी मुचुल्का भई प्रतिवादी अनुप लामा ( तामाङ ), माइकल भन्ने सुभाष लामा र सुनिल लामाले सहीछाप गरेको देखिदा प्रतिवादीहरु अनुप लामा ( तामाङ ), माइकल भन्ने सुभाष लामा र सुनिल लामालाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२) बमोजिकको कसूर अपराधमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा २०(२) र २०(३) बमोजिम सजाँय गरी वरामद पेस्तोल तथा गोली ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

१४.यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन् होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

१५. मिसिल संलग्न कागजातरु अध्ययन गरी हेर्दा अनुसन्धानका क्रममा प्रतिवादी अनुप लामा ( तामाङ) ले गरेको वयानमा म सँगै पक्राउ परी आएका सुभाष लामा र अनिल लामा मेरा साथी हुन । हामी चावहिल चक्रपथ एरियामा पकेटमारी गर्ने काम गर्दथ्यौं । त्यसै क्रममा मिति २०७०।१२।७ गतेका दिन चावहिलबाट चक्रपथ जाने क्रममा हाल थाहा भएका प्र.स.नि.दिपकराज कुँवर पनि हामी चढेको माइक्रोवसमा चढेकाले निजको साथमा रहेको धनमाल पकेट मार्ने योजना वनाई साथमा बोकेको ब्लेडले प्र.स.नि.को साथमा रहेको (वाधी राखेको ) पेस्तोल बाधेको डोरी काटी सो पेस्तोल तथा गोली मेरै कोठामा राखेको अवस्थामा मिति २०७०।१२।१७ गते प्रहरीले खानतलासी गरी पेस्तोल र गोली सहित हामी तीनै जनालाई पक्राउ गरेको भनी आफ्नो वयानमा खुलाएका । प्रतिवादी माइकल भन्ने सुभाष लामा तामाङले प्रतिवादी अनुप तामाङ (लामा )नै गरेको वयानसँग मेल खाने गरी एकै मिलानको वयान गर्नुका साथै कहिले कही लागु औषध सेवन गर्ने गरेको छु भनी अरु व्यहोरा खुलाई वयान गरेका र प्रतिवादी सुनिल लामाले मिति २०७०।१२।१७ गते हामी माइक्रोबस चढेका प्र.स.नि. दिपकराज

कुँवरको साथमा रहेको पेस्तोल तथा गोली म समेतको योजनामा चोरी गरेको भनी वयानमा खुलाएका रहेछन् ।

१६.प्र.नि.भरत थापाले प्रतिवादी अनुप तामाङ ( लामा) को डेरा कोठामा प्रतिवादी सुनिल लामा र मइकल भन्ने सुभाष लामा ( तामाङ) समेतको योजना मिलोमतोमा प्र.स.नि. दिपकराज कुँवरको साथबाट चोरी गरी लुकाई छिपाई राखेको पेस्तोल थान १ तथा सो को गोली राउण्ड ६ खानतलासी गर्दा फेला पारी दाखिला गरेका हौ भन्ने आफ्नो प्रतिवेदन । मेरो साथबाट माइक्रोबसमा यात्रा गर्दा चोरी भएको पेस्तोल र गोली र म्यागिजन चोरी गर्ने व्यक्तिहरु अनुप तामाङ( लामा), सुनिल लामा र सुभाष तामाङ ( लामा) समेतलाई देखि चिनी, यी नै हुन भनी प्र.स.नि. दिपकराज कुँवरले सामान र प्रतिवादीहरु चिनी जानी गरी दिएको सनाखत कागज । चोरी भएको पेस्तोल र गोली प्रतिवादी अनुप तामाङ( लामा) को जोरपाटी अत्तरखेल स्थित डेरा कोठाबाट वरामद भएको भनी माइक्रोवसमा तत्काल सँर्ग यात्रा गरेका बुझिएका मानिस भिमबहादुर बुढाथोकीले गरी दिएको घटना विवरण कागज मिसिल संलग्न रहेछ ।

१७. यस कार्यालय समक्ष उपस्थित भई प्रतिवादी अनुप तामाङ ( लामा) ले प्रहरीमा भएको वयान मेरै हो । दवावमा सहीछाप गरेको हुँ । मेरो कोठा डेराबाट २ थान खुकुरीसम्म वरामद भएको हो । पेस्तोल १, गोली राउण्ड ६ वरामद भएको होइन । जाहेरवाला दिपकराज कुँवरलाई चिन्दिन किन त्यस्तो जाहेरी दरखास्त गरे थाहा भएन । बुझिएका मानिसले के कस्तो कागज गरे थाहा भएन । अभियोग दावी बमोजिम कुनै कसूर नगरेको हुदा सजाय हुनु पर्ने होइन भनी वयान गरेका । अर्का प्रतिवादी सुनिल लामाले वरामदी मुचुल्काको दस्तखत मेरै हो, अनुप तामाङ ( लामा) को कोठा खानतलासी गर्दा म त्यहा थिइन । म ट्याक्सि चालक भएकोले खानतलासी हुदा पेस्तोल तथा गोली वरामद भएको भन्ने विषयमा थाहा भएन । आफु निर्दोष भएकाले सजाय हुनु पर्ने होइन भनी आफ्नो वयान गरेका । साथै प्रतिवादी माइकल भन्ने सुभाष तामाङ( लामा)ले आफु अनुप तामाङलाई प्रहरीले आफुसाथ निजको डेरा कोठमा लगी खानतलासी गर्दा निजको कोठबाट चाइनिज पेस्तोल १ र सो को गोली राउण्ड ६ वरामद भएको सुनेको हुँ । खानतलासी गर्दा म त्याहा थिइन । अनुपको कोठाबाट वरामद भएको हतियार म समेतले चोरी गरेको भन्ने झुट्ठा हो । म अनुपको साथसँगमा रहेकाले प्रहरीले मलाई समेत पक्राउ गरेको हो । मेरो साथबाट हतियार वरामद भएको होइन म निर्दोष छु भनी वयानमा खुलाएका रहेछन् ।

१८. खानतलासी वरामदी मुचुल्का तथा प्रतिवेदक प्र.नि.भरत थापा र प्र.ना.नि. केदार तिमिल्सिनाले यस कार्यालय समक्ष उपस्थित भई गरेको वकपत्रमा प्रतिवादीहरु सुनिल

लामा,अनुप तामाङ ( लामा ) र माइकल भन्ने सुभाष तामाङ ( लामा) समेत भएको हातहतियार खरखजाना मुद्दाको प्रतिवादी अनुप तामाङ ( लामा) को डेरा कोठामा खानतलासी गर्दा वरामद भएको पेस्तोल १ र सोही पेस्तोलको गोली राउण्ड ६ भएको वरामदी मुचुल्का हामी प्रतिवेदकले गरेको र यस वारदातमा प्रतिवादीहरु अनुप तामाङ( लामा),सुनिल लामा र माइकल भन्ने सुभाष तामाङ (लामा) को संलग्नता रहेको भनी खुलाएको वकपत्र मिसिल संलग्न रहेको ।

१९. अव सजाय तर्फ विचार गर्दा अनुसन्धानका क्रममा प्रतिवादीहरुले गरेको कसुर अपराधमा सावित रही गरेको वयान, बुझिएका मानिसले खुलाई लेखाई दिएको घटना स्थल मुचुल्का, खानतलासी वरामदी मुचुल्का, प्रतिवेदक प्रहरी कर्मचारीहरुले यस कार्यालय समक्ष उपस्थित भई जाहेरी दरखास्तलाई पुष्टि गर्ने गरी गरेको वकपत्र समेतका आधार प्रमाणबाट प्रतिवादीहरुले कसूर अपराध गरेको पुष्टि हुन्छ । प्रतिवादीहरुले यस कार्यालय समक्ष उस्थित भई आरोपित कसूरमा इन्कार रही वयान गरेता पनि वयानका क्रममा बुझिपाउँ भनी खुलाएका साक्षीहरु उपस्थित गराई वकपत्र गर्न नसकेकोले यस कार्यालयमा गरेको इन्कारी वयानलाई पुष्टि गर्न सकेको देखिदैन । यसै वारदातसँग सम्वन्धित अनुप तामाङ ( लामा ) समेत भएको लागु औषध चोरी मुद्दामा प्रतिवादी अनुप तामाङ( लामा) र सुनिल लामालाई एक महिना कैद र जरिवाना तथा माइकल भन्ने सुभाष तामाङ ( लामा) लाई एकवर्ष कैद र जरिवाना हुने गरी सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट फैसला भएको देखिन्छ । तसर्थ यी प्रतिवादीहरु अनुप तामाङ( लामा), माइकल भन्ने सुभाष तामाङ ( लामा) र सुनिल लामाले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) बमोजिम विना लाइसेन्स हातहतियार आफुसाथ राख्ने, एक स्थानबाट अर्को स्थानमा राख्ने वा राख्न लगाउने कसूर गरेको ठहर्छ । सो ठहर्नाले सोही ऐनको दफा २०(२) बमोजिम जनही रु ७५,०००।- र दफा २०(३) बमोजिम जनही रु २५,००।- जरिवाना गरी जनही रु १,००,०००।- ( एक लाख ) जरिवाना हुन्छ । ठहरेको जरिवाना दाखिला गरे थुनाबाट छाड्न लेखी पठाउनु । दाखिला नगरे दण्ड जरिवाना महलको ३८ नं. बमोजिम कैदीपूर्जि दिई पठानु । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं. १८६ नं. बमोजिम फैसला गरी दिएँ ।

## तपसील

- प्रतिवादीहरु अनुप तामाङ( लामा), माइकल भन्ने सुभाष तामाङ ( लामा) र सुनिल लामा के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजहरुलाई जनही रु. १,००,०००/-( एक लाख रुपैयाँ ) जरिवाना हुने ठहरेकोले निजहरुलाई ठहरेको जरिवाना दाखिला गरेका थुनाबाट छाड्न लेखी पठाउनु । जरिवाना रकम

दाखिला नगरेमा मु.ऐ., दण्डजरिवाना महलको ३८ नं. बमोजिम थुनामा बस्न कैदी पूर्जि दिनु ...........................................................................१

- प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु अनुप तामाङ( लामा), माइकल भन्ने सुभाष तामाङ ( लामा) र सुनिल लामालाई पुनरावेदन म्याद दिनू.................................................................२
- जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौलाई प्रस्तुत फैसलाको जनाकारी दिनू..... ......३
- सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू..........................................................................................
......४
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ............................५

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु.भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

...................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

इति सम्वत् २०७२ साल वैशाख २७ गते रोज १ शुभम् .......................